आज मिति २०७९।०५।०१ गते बुधबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०७९/०८० को २ (दोस्रो) बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री ध्रुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८० | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८११७२५१७५ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०७७५०१२३ | |
| २० | श्री जनकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

## प्रस्तावहरु :-

१. कृषि अनुसन्धान निर्देशनालय तरहरा संग MOU गर्ने सम्बन्धमा ।
२. ढुंगा, गिट्टी, वालुवाको IEE गर्ने सम्बन्धमा ।
३. आ.ब. २०७८/०७९ मा ठेक्काको घाटगद्धी भएको नदिजन्य पदार्थ सम्बन्धमा ।
४. चालु आ.ब.को स्वीकृत योजनाहरु कार्यान्वय गर्ने सम्बन्धमा ।
५. नगरको दररेट कायम गर्ने सम्बन्धमा ।
६. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि विद्यालयहरुलाई सिफारिस गर्ने सम्बन्धमा ।
७. साना सिंचाई अन्तर्गतका योजनाहरु छनौट गर्ने सम्बन्धमा ।
८. राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रम स्थापनाको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
९. प्रदेश सरकारबाट चालु आ.ब.को लागि स्वीकृत योजनाहरुको ठेगाना सम्बन्धमा ।
१०. विपद्मा परी मृत्यु भएका व्यक्तिका परिवारलाई राहत सम्बन्धमा ।
११. करार कर्मचारीहरुको म्याद थपको नगर प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने सम्वन्धमा ।
१२. वडा नं. ४ जिरायत र वडा नं. २ चकमके टोल वीच लामा खोलामा झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।
१३. प्रवक्ता तोक्ने सम्वन्धमा ।
१४. नयाँ राखिएका कर्मचारीहरुको सम्बन्धमा ।
१५. सामी कार्यक्रम अन्तर्गत वित्तिय साक्षरता कायृक्रम सञ्चालन सम्बन्धमा ।
१६. नगरका विभिन्न स्थानहरुमा झोलुङ्गे पुल निर्माणको लागि योजना माग गर्ने सम्बन्धमा ।
१७. नगरपालिकाका कर्मचारीहरुलाई इन्धन उपलब्ध गराउने र सवारी मर्मत सम्बन्धी मापदण्ड सम्बन्धमा ।
१८. नगर अस्पताल बेल्टारको व्यवस्थापन सम्बन्धमा ।
१९. सरसफाई कर्मचारीको व्यवस्थापन गर्ने सम्बन्धमा ।
२०. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२१. शिक्षा तर्फको खाता सञ्चालन सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु :-

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रको कृषि र पशुपंछी क्षेत्रको समग्र विकास र प्रवर्द्धनका लागि कृषि अनुसन्धान निर्देशनालय प्रदेश नं. १ तरहराद्वारा उत्पादित उन्नत जातका मूल वीउ विजनहरु यस नगरपालिकाको आवश्यकता र माग बमोजिम उपलब्ध गराउने साथै कृषि क्षेत्रको आधुनिकीकरणको लागि आवश्यक प्रविधि तथा प्राविधिक सहयोग समेत कृषि अनुसन्धान निर्देशनालयले यस नगरपालिकालाई उपलब्ध गराउने गरी कृषि अनुसन्धान निर्देशनालय प्रदेश नं. १ तरहरा र यस नगरपालिका वीच ५ वर्षका लागि समझदारी पत्र (MOU) गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा रहेका खोला तथा नदिहरुबाट चालु आर्थिक वर्ष २०७९/०८० मा नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन् गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नु पर्ने भएकोले नगरपालिकाको नेतृत्वमा सम्बन्धित वडाका जनप्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, टोल विकास संस्था, सामुदायिक वन र स्थानीय उपभोक्ता समेतको उपस्थितिमा स्थलगात अनुगमन गर्ने र उपयुक्त तथा सम्भाव्य स्थानहरुबाट मात्र नदिजन्य पदार्थ उत्खनन् गर्ने गरी तपसिलमा उल्लेखित सम्भावित खोलाहरुमा IEE गर्ने प्रक्रिया अगाडि बढाउने र जुन क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन् गरिन्छ उक्त क्षेको बस्तु बिक्रि निकासीबाट नगरपालिकाको विभाज्य कोषमा प्राप्त हुने रकमको ५० प्रतिशत रकम सोही क्षेत्रमा लगानी गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

| सि.न. | नदीनाला तथा खोलाको नाम | वडा नं. | नदिजन्य पदार्थ | कैफियत |
|---|---|---|---|---|
| १ | छाँगे खोला | १ | ढुंगा | |
| २ | चप्लेटी/माडीवास खोला | १ र २ | ढुंगा,गिट्टी | |
| ३. | लामाखोला | २ र ४ | ढुंगा,गिट्टी | |
| ४. | कालीखोला | ३ र ४ | ढुंगा,गिट्टी | |
| ५. | अप्राहाखोला | ८ | ढुंगा,गिट्टी | |
| ६. | द्वारखोला | ५,६,७,८ र ९ | ढुंगा,गिट्टी | |
| ७. | त्रियुगाखोला | ५,९ र १० | वालुवा | |
| ८. | शिवाई खोला | ५ र ९ | वालुवा | |
| ९. | ज्यामिरे खोला | ९ | गिट्टी | |
| १०. | छिडी खोला | ९ | वालुवा | |
| ११. | भरौलीखोला | ९ | ढुंगा,गिट्टी | |
| १२. | देवधार खोला | १० | ढुंगा,गिट्टी | |
| १३. | घोमुर्ना खोला | १० | वालुवा | |
| १४. | खैराखोला | १० | ढुंगा,गिट्टी | |
| १५. | वडेरुवाखोला | ५ | ढुंगा,गिट्टी | |
| १६. | करम्जे खोला | ३ र ४ | गिट्टी | |
| १७ | सुख्खासुन्दरी खोला | ३ र ४ | ढुंगा,गिट्टी | |
| १८ | लाटी खोला | २ र ७ | ढुंगा,गिट्टी | |

स्थलथत अनुगमनका क्रममा पहिचान भई यकिन हुने अन्य सम्भावित क्षेत्रहरु थप गर्न सकिने छ ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाले गत आथिृक वर्ष २०७८/०७९ मा नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रि निकासी गर्ने कार्यको लागि श्री ईन्द्रेणी सगरमाथा जे.भी. उदयपुर संग ठेक्का सम्झौता गरी उत्खनन् गरेको र उक्त ठेक्काको सम्बन्धमा सम्मानित जिल्ला अदालत र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ईटहरीमा उजुरी परेको हुँदा उक्त दुवै मुद्धाको अन्तिम टुंगो र फैसला नभए सम्म वा अर्को निर्णय र आदेश नभएसम्म ठेक्केदार कम्पनीले यस नगरपालिकाको वडा नं. ६ को ३ स्थानमा घाटगद्दी गरेको करिव ५२ हजार घन मिटर ढुंगा गिट्टी विक्रि निकासी गर्न नमिल्ने भएकोले उक्त घाटगद्दीमा रहेको ढुंगा गिट्टीको रेखदेख र संरक्षणको लागि नगरपालिकाको राजश्व शाखा, सम्बन्धित वडा कार्यालय र स्थानीय प्रहरी प्रशासनलाई पत्राचार गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको १२ औं नगर सभाबाट चालु आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया यथाशीघ्र अगाडि बढाउने साथै १० लाख भन्दा कम लागत भएका वडा तथा नगर स्तरीय योजनाहरु सम्बन्धित वडा कार्यालयबाटै र सो भन्दा माथिका योजनाहरु नगरपालिकाबाट सम्झौता गरी सञ्चालन गर्ने साथै योजनाहरुको संचालन र कार्यान्वयन गर्दा वडा तथा नगर दुवै स्तरबाट योजना संचालन पूर्वको अवस्था, संचालन भईरहँदाको अवस्था र सम्पन्न भएपछिको अवस्थामा निरन्तर अनुगमन, सुपरिवेक्षण र निगरानी गरी गुणस्तर युक्त योजना निर्माणमा विशेष जोड दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले न्यूनतम दररेट निर्धारण गर्नुपर्नेमा दररेट निर्धारण गर्न प्राविधिक र जटिल कार्य भएको तथा यस नगरपालिकाले गत विगत वर्षहरुमा जिल्ला दररेटलाई नै आधार मानेर निर्माण तथा खरिद सम्बन्धी कार्यहरु गर्दै आएको हुँदा चालु आर्थिक वर्षमा पनि जिल्ला दररेटलाई नै कायम गरेर खरिद तथा निर्माण सम्बन्धी कार्यहरु सञ्चालन गर्ने र कुनै वडाहरुले योजना विशेषको लागि स्थानीय दररेट वा उत्पादन गर्ने कम्नीको दररेट जुन जिल्ला दररेट भन्दा कम हुने भएको अवस्थामा सोही दररेटलाई आधार मानी काम गर्ने निर्णय गरी आएमा वडाकै निर्णय बमोजिम कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आथिृक वर्ष २०७९/०८० को लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि इच्छुक सामुदायिक विद्यालयहरुबाट प्रस्तावना मागको लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरले मिति २०७९।०४।१३ गते प्रकाशन गरेको सूचना बमोजिम यस नगरपालिकाको विभिन्न वडामा सञ्चालित सामुदायिक विद्यालयहरुले प्रास्ताव पेश गरेका हुँदा विद्यालयहरुको प्रस्तावनाको आधारमा तपसिल बमोजिमका विद्यालयहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम प्रदान गर्नका लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

| ४ कोठे भवन माग गर्ने विद्यालयहरु | २ कोठे भवन माग गर्ने विद्यालयहरु | ICT ल्याव व्यवस्थापन माग विद्यालयहरु |
|---|---|---|
| श्री नारद आर्दश मा.वि. वसाहा वडा नं. ४ | श्री शारदा आ.वि. सिद्धिपुर वडा नं. ८ | श्री कौवैदेवि आ.वि. फोरापाटा वडा नं. |
| श्री माध्यामि विद्यालय आमसाल वडा नं. ३ | श्री बेलका आ.वि. हात्तिसार वडा नं. ३ | श्री जनता मा.वि. लुब्टिटार वडा नं. ८ |
| श्री सरस्वती मा.वि.साँवा वडा नं. ८ | श्री जनकल्याण आ.वि.हात्तिसार वडा नं. ३ | श्री ज्योति मा.वि.वेल्टार वडा नं. ६ |
| श्री मा.वि. सिवाई, वडा नं. ५ | श्री सिद्धकाली आ.वि. वडा नं. २ | |
| श्री सिद्धेश्वरी मा.वि.मुसहर्नीया वडा नं. ९ | श्री जनज्योति आ.वि.अजगरा वडा नं. ४ | |
| श्री लौवागढी मा.वि.खैराहाफोरा वडा नं. १० | श्री बालमुखी आ.वि.अजगरा वडा नं. ९ | |
| श्री जाल्पा जन मा.वि. अजिङ्गरे वडा नं. ४ | श्री बुद्धजनता आ.वि. गंगटे वडा नं. २ | |
| श्री जनविकास मा.वि. भिमा वडा नं. ९ | | |
| श्री भगवती मा.वि. मुसहर्निया वडा नं. ९ | | |
| श्री सिंहदेवी मा.वि.माडिवास वडा नं. २ | | |
| श्री कालिका मा.वि.सिर्वानी वडा नं. ६ | | |

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल सरकार, प्रदेश सरकार, स्वीस सरकार, स्थानीय सरकार र उपभोक्ता समिति समेतको संयुक्त लगानीमा संचालन हुदै आएको साना सिंचाई कार्यक्रम अन्तर्गत यस नगरपालिका क्षेत्रमा आगामी आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन गर्न सकिने सम्भावित सिंचाई योजनाहरु सवै वडाहरुले छनौट गरी मिति २०७९ साल भाद्र १५ गते सम्ममा नगरपालिकामा उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल सरकार कृषि तथा पशुपंछी विकास मन्त्रालय अन्तर्गत कृषि अनुसन्धान परिषद (NARC) द्वारा सञ्चालित राष्ट्रिय बंगुर अनुसन्धान केन्द्र स्थापना तथा सञ्चालनको लागि यस नगरपालिकाको वडा नं. ४ स्थित नक्सा सिट नं. २/क को कि.नं. २८ बाट ५ विगाहा र नक्सा सिट नं. १/ग को कि.नं. २७३ बाट २ विगाहा जग्गा र थप जग्गाको आवश्यकता परेमा आवश्यकता बमोजिम उपयुक्त स्थानमा थप जग्गा समेत प्रचलित कानुन बमोजिम उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने सर्वसम्मत निर्णय परित गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा १ नं. प्रदेश सरकार अन्तर्गत विभिन्न मन्त्रालय तथा निकायहरुबाट चालु आर्थिक वर्षमा यस नगरपालिकाको लागि विनियोजन भएका योजना तथा कार्यक्रमहरुको ठेगाना फरक परेको हुँदा उक्त योजना तथा कार्यक्रमहरुको वास्तविक ठेगाना कायम हुने गरी संशोधनको लागि प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडामा बसोबास गर्ने व्यक्तिहरुको विपद्को कारणबाट मृत्यु भएको र मृतकका परिवारबाट राहत माग भई आएको हुँदा यस नगरपालिकाको विपद् राहत कोष कार्यविधि, २०७७ बमोजिम तपसिल अनुसारको राहत स्वरुपको आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल :-

१. रेणु थापा मगरको छोरा हेमराज मगरको पहिरोमा परी मृत्यु वडा नं. ६ रु.२५,०००।-

२. गुणदेव चौधरीको छोरा रोशन चौधरीको चट्याङ्गमा परी मृत्यु वडा नं. ५ रु.२५,०००।-

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिका अन्तर्गत सेवा करारमा कार्यरत कर्मचारीहरको म्याद थपको सम्वन्धमा मिति २०७९।०४।०८ गते भएको नगर प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ४ जिरायत र वडा नं. २ को चकमके टोल वीच लामाखोलामा झोलुङ्गे पुलको अति आवश्यकता भएको हुँदा उक्त स्थानमा झोलुङ्गे पुल निर्माणको आवश्यक व्यवस्थाको लागि **Suspension Bridge Division** पुल्चोक ललितपुरमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकाको निर्णय तथा नगरले सञ्चालन गर्ने सम्पूर्ण गतिविधिहरुलाई आधिकारिक रुपमा संचार क्षेत्र, नागरिक तथा अन्य सरोकारवाला व्यक्ति तथा संस्थाहरु सम्म प्रवाह गर्ने कार्यको लागि वडा नं. ९ का अध्यक्ष श्री प्रकाश राउत ज्यूलाई यस नगरपालिकाको प्रवक्ताको जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकाको नगर प्रमुख ज्यूको सचिवालय कर्मचारी देव प्रकाश राई, उपप्रमुख ज्यूको सचिवालय कर्मचारी मिलन रिजाल, न्यायिक समितिको लागि कानुनी सल्लाहाकार टेक बहादुर राउत, न्यायीक समितिको लागि सहायक कम्प्युटर अपरेटर दिनेश खड्का र

नगर प्रमुख ज्यूको सवारी चालकमा रंजित चौधरी समेत गरी ५ जना कर्मचारीहरु नगर प्रमुख स्तरीय निर्णयबाट नियुक्ति गरिएको हुँदा उक्त ५ जना कर्मचारीहरु नियुक्त गर्ने नगर प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने साथै निजहरुको सेवा निरन्तर गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिका मार्फत सुरक्षित आप्रवासन कार्यक्रम ( सामी) अन्तर्गत संचालित वित्तिय साक्षरता कक्षा सञ्चालन कार्यक्रम चालु आर्थिक वर्ष २०७९/०८० मा यस नगरपालिकाको वडा नं. ५ र ६ मा सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न वडाहरुमा झोलुङ्गेपुल निर्माण गर्न अति आवश्यक देखिएकोले तपसिलका स्थानहरुमा झोलुङ्गे पुल निर्माणको लागि संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR) र आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्थाको लागि सम्बन्धित निकायहरुमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

१. वडा नं. ७ को श्रीपञ्चमिबाट वडा नं. ८ को शिखरपुर, कात्तिके, दारुला, बोप्लुङ्ग जाने द्वारखोला श्रीपञ्चमी वडा नं. ७।

२. लामेचौरीबाट निमेल टोल वीच लाटीखोला वडा नं. ७।

३. वडा नं. १ को कोक्सुलुङ्ग र आम्चोक गा.पा. १० गरगरे भोजपुर जोड्ने दुधकोशीमा झो.पु. निर्माण ।

४. सुन्दरपुर र ढेलाचौरी वीच त्रियुगा खोलामा झो.पु. निर्माण वडा नं. ५ ।

५. माडिबास र भित्ते वीच माडिबास खोलामा झो.पु. निर्माण वडा नं. २ ।

६. मकम डाँडा र रमाइलो डाँडा वीच करम्जे खोलामा झो.पु. निर्माण वडा नं. ४ ।

७. संगम टोल र मेजर चौतारा वीच कालिखोलामा झो.पु. निर्माण वडा नं. ४ ।

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिकामा कार्यरत सबै प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको कार्यबोझ अनुसार कार्यालयको कामकाजको शिलशिलामा खटिनु पर्दा प्रयोग गर्ने सवारी साधनहरुको लागि इन्धन र त्यसरी कार्यालयको कामकाजमा प्रयोग हुने सरकारी तथा निजी सवारी साधनहरुको मर्मत आवश्यकता र औचित्यताको आधारमा मितव्ययीता समेत कायम गरी सबै कर्मचारीको हकमा एकरुपता हुने गरी तपसिलको मापदण्डको आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

क. ईन्धन सुविधाको हकमा :-

➢ ईन्धन माग गर्ने कर्मचारीसँग सरकारी वा आफ्नो निजी सवारी साधन भै कार्यालय आउन जान तथा सरकारी कामकाजमा प्रयोग भएको र सवारी चालक अनुमतिपत्र प्राप्त गरेको हुनु पर्ने र ईन्धन माग गर्दा अनिवार्य रुपमा विलबुक र सवारी चालक अनुमतिपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

| सि नं. | विवरण | इन्धन प्रति महिना | | कैफियत |
|---|---|---|---|---|
| | | सरकारी साधन | निजी साधन | |
| १ | शाखा प्रमुख र अधिकृत स्तरका सम्पूर्ण कर्मचारीहरुलाई बढीमा | १० लिटर | ११ लिटर | |
| २ | पूर्ण रुपमा फिल्डका सबै कर्मचारीहरुलाई बढीमा | १२ लिटर | १३ लिटर | भूमि सेवा केन्द्रका नापी टोलिमा खटिने कर्मचारीहरु |
| ३ | आंशिक रुपमा फिल्ड जानु पर्ने सम्पूण सहायक स्तरका कर्मचारीहरुलाई बढीमा | ८ लिटर | ९ लिटर | प्राविधिक, कृषि, पशसेवा, अमिन, लघुउद्यम, सामी |
| ४ | फिल्ड जानु नपर्ने सबै सहायक कर्मचारीहरु र श्रेणिविहिन कर्मचारीहरुलाई बढीमा | ६ लिटर | ७ लिटर | |
| ५ | वडा सचिव र वडाका कर्मचारीहरुलाई | वडाको स्वीकृत बजेट सीमा र वडाको निर्णय बमोजिम हुने । | | |

ख. सवारी साधन मर्मत सुविधाको हकमा :-

➢ सवारी साधन मर्मत माग गर्ने कर्मचारीसँग सरकारी वा आफ्नो निजी सवारी साधन भै कार्यालय आउन जान तथा सरकारी कामकाजमा प्रयोग भएको र सवारी चालक अनुमतिपत्र प्राप्त गरेको हुनु पर्ने र विलबुक र सवारी चालक अनुमतिपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

➢ सरकारी कामकाजको शिलशिलामा खटाइएको आवस्थामा दुर्घटनामा परी क्षति भई उक्त सवारी मर्मत गर्नुपर्ने अवस्यामा प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम र अन्य अवस्थामा पटक पटक भएको सवारी मर्मतको विल आफैसँग राखी एकमुष्ट रुपमा अन्तिम चौमासिक तिर निवेदनका आधारमा भुक्तानी माग गर्ने ।

➢ सवारी साधनको मर्मतको हकमा कामको प्रकृति, आवश्यकता र औचित्यताका आधारमा श्रेणिगत/तहगत कर्मचारीका हकमा वार्षिक एकमुष्ट रुपमा ३ वर्ष सम्म पुरानो सवारीको हकमा बढीमा रु.८,०००।- सम्म, ३ देखि ५ वर्ष पुरानोको हकमा बढीमा रु. १०,०००।- सम्म र ५ वर्ष भन्दा बढी पुरानो भएमा बढीमा रु.१३,०००।- सम्म उपलब्ध गराउने साथै श्रेणिविहिन कर्मचारीको हकमा वार्षिक एकमुष्ट रुपमा ३ वर्ष सम्म पुरानो सवारीको हकमा बढीमा रु.७,०००।- सम्म, ३ देखि ५ वर्ष पुरानोको हकमा बढीमा रु. ९,०००।- सम्म र ५ वर्ष भन्दा बढी पुरानो भएमा बढीमा रु.११,०००।- सम्म उपलब्ध गराउने ।

➢ माथि उल्लेखित इन्धन र मर्मतको हकमा तोकिएको सीमामन्दा बढी आवश्यक पर्ने भएमा पेश भएका कागजात, अवस्था, आवश्यकता र औचित्यताको आधारमा बजेटको अवस्थालाई समेत हेरी प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार हुने छ ।

➢ यस नगरपालिका भित्र रहेका सुरक्षा निकायहरको हकमा नगरपालिकाबाट विनियोजित बजेटको सीमाभित्र रही तपसिल बमोजिम ईन्धन उपलब्ध गराउने निर्णय गरियो ।

➢ तपसिल :-

| सि.नं. | विवरण | ईन्धन प्रति महिना | | कैफियत |
|---|---|---|---|---|
| | | डिजेल | प्रेट्रोल | |
| १ | ईलाका प्रहरी कार्यालय, बेल्टार | १२५ लिटर | २५ लिटर | |
| २ | सशस्त्र प्रहरी वल, बेल्टार | ५० लिटर | २० लिटर | |
| ३ | प्रहरी चौकी, सुन्दरपुर | | १० लिटर | |
| ४ | प्रहरी चौकी, बसाहा | | १० लिटर | |
| ५ | प्रहरी चौकी, हडिया | | १० लिटर | |

➢ उल्लेखित मापदण्ड भित्र नपर्ने तर कुनै सरकारी निकाय वा सरकारी पदाधीकारीबाट अनुरोध भई आएमा वा अन्य विशिष्ठ परिस्थिति परी ईन्धन र मर्मत सम्बन्धी काम पटके रुपमा गरिदिनुपर्ने अवस्था आएमा कार्यालयको बजेटको अवस्था समेत हेरी मितव्ययीता, आवश्यकता, औचित्यता र विशेष अवस्था समेतका आधारमा नगर प्रमुखको आदेशानुसार गर्ने ।

➢ निर्वाचित जनप्रतिनिधिहरुको हकमा १ नं. प्रदेश सरकारद्वारा स्वीकृत कानुन बमोजिम हुने ।

➢ मोटरसाईकल/स्कुटर बाहेकका दमकल, एम्बुलेन्स, ट्रयाक्टर, टिप्पर, अटो रिक्सा, सक्शन मेशिन, पिकप, नगरपालिकाको जेनेरेटर, नगर प्रमुख/उपप्रमुखले प्रयोग गर्ने सवारी साधन आदीमा लाग्ने इन्धन आवश्यकता अनुसारमा र मर्मत संभार सूचीकृत वर्कशपको लागत अनुमान तथा नगरपालिकाको बजेटको उपलब्धता समेतको आधारमा मितव्यी तरिकाबाट गरिने ।

निर्णय नं. १८

प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ७ मा सञ्चालित नगर अस्पताल बेल्टारमा दैनिक २०० जना भन्दा बढी विरामीहरु उपचारको लागि आउने गरेकोमा हाल अस्पतालमा नगरपालिकाले सेवा करारमा नियुक्ति गरी कार्यरत रहेका १ जनामात्र मेडिकल अधिकृतबाट सेवा प्रवाह गर्न अत्यन्त कठिन भएको र नगर अस्पताल बेल्टारले आफ्नो नगर क्षेत्रमात्र नभई खोटाङ्ग र भोजपुरबाट आउने विरामीहरुलाई समेत सेवा दिनु पर्ने भएकोले तत्काल थप १ जना मेडिकल अधिकृत उपलब्ध गराई दिनको लागि स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा विभागमा अनुरोध गर्ने साथै उक्त अस्पतालमा २४ सौ घण्टा सेवा प्रवाह हुने भएकोले विद्युत व्याकप, रेविज भ्याक्सिन भण्डारणको लागि WHO प्रमाणित फ्रिज लगाएतका उपकरणहरुको आवश्यकता देखिएको हुँदा नगर प्रमुख लगाएत सम्बन्धित व्यक्तिहरुलाई समेत आमन्त्रण गरी अस्पताल व्यवस्थापन समितिको बैठक तत्काल बसी सो सँग सम्बन्धित निर्णयहरु गरी नगरपालिकामा पठाउने र अस्पताल परिसरमा लाघुऔषधका प्रयोग कर्ता लगाएतबाट विभिन्न समयमा असुरक्षित हुने गरेकोले अस्पतालको सुरक्षा व्यवस्थाको लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस नगरपालिकामा बजार सरसफाईको लागि ट्याक्टर ,टिप्पर र सक्शन मेशिन समेत गरी ३ वटा साधनहरु प्रयोगमा रहेको र उक्त ३ वटा साधनमा चालक बाहेक ३ जना मात्र कर्मचारी रहेकोले एकै साथ सबै साधन प्रयोग गरी फोहर व्यवस्थापन गर्न नसकिएको साथै ३ जना सरसफाई कर्मी कर्मचारीहरु विहान देखि साँझ सम्म खटिनु पर्ने अवस्था भएकोले प्रति साधन २ जना हुने गरी तत्काल ४ जना सरसफाई कर्मचारीको व्यवस्था गरिपाँऊ भनि सरसफाई सम्बन्धि काम गर्ने टिप्पर चालक बैजु मरिकले दिएको निवेदनको सम्वन्धमा हाल कार्यरत कर्मचारीले मात्र सबै गाडीमा काम गर्न नसक्ने अवस्था देखिएकोले नगरपालिकाको बजेटको अवस्था समेतलाई मध्येनजर गरी तत्कालको लागि २ जना सरसफाई सहयोगी कर्मचारी दैनिक ज्यालादारीमा राख्ने व्यवस्था मिलाउन नगर प्रमुख ज्यूलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २०

प्रस्ताव नं. २० माथि छलफल गर्दा यस नगरपालिकाको नगर कार्यपालिकाको अघिल्ला बैठकबाट भएका निर्णयहरु सन्तोष जनक रुपमा कार्यान्वयन भएको पाईयो साथै नगर पालिकाको निर्णय बमोजिम कार्यान्वयनको क्रममा रहेका निर्णयहरुलाई प्रभावकारी ढंगबाट अपेक्षित उपलब्धी प्राप्त हुने गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २१

प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस नगरपालिकाबाट प्रवाह हुने सेवाहरुलाई छिटोछरितो र प्रभावकारी रुपमा उपलब्ध गराउने उद्देश्यले चालु आर्थिक वर्ष २०७९।०८० को लागि यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको लागि च.नं. ६४ मिति २०७९।०४।०६ गतेको पत्रबाट दिईएको बजेट खर्च गर्ने अख्तियारी बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखा तर्फको बजेटको खर्च खाता शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख (उपसचिव) श्री रामेश्वर कुँवर र लेखा प्रमुख श्री अम्बर बहादुर मगरको संयुक्त दस्तखतबाट सञ्चालन हुने व्यवस्थाको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय उदयपुरमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।